PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

## मानव बेचबिखन अनुसन्धान व्युरो

बबरमहल,काठमाण्डौ,

फोन ०१-५३३९५६९
०१-५३४११७७

# प्रेस विज्ञप्ति-१२

## "क्रोयसीयामा आकर्षक रोजगारीमा लागाई दिन्छु भनि ईराक पुऱ्याउने व्यक्ति पक्राउ"

युरोपको क्रोयसीयामा आकर्षक रोजगारीमा लगाई दिने भन्दै भिजिट भिसामा दुवई हुँदै इराक पुऱ्याई बन्धक बनाई ५ महिनासम्म शारिरीक मानसिक यातना दिदै आफ्नो नियन्त्रणमा राखीराखेको अवस्थामा एजेन्टलाई निजले भने अनुसारको रकम भुक्तानी गरी उद्दार भई नेपाल आए पश्चात यस व्युरोमा मानव बेचबिखन तथा ओसारपसार शिर्षकमा जाहेरी दिए पश्चात खोजतलासका क्रममा तपसीलमा उल्लेखीत व्यक्तीलाई पक्राउ गरी आवश्यक अनुसन्धान कार्य भईरहेको।

- **पक्राउ परेका अभियुक्त**-जिल्ला लमजुङ दोर्दी गाउँपालिका वडा नं. ६ घर भई हाल जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं.१५ स्वयम्भूमा जडिबुटी पसल संचालन गरी बस्ने वर्ष ५० को देब राज तामाङ।

## अभियुक्तको फोटोः-



Contact No:01-5339569, Hot Line:1177, Toll-Free:16600141177 Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np

## अनुसन्धानबाट खुल्न आएको:-

- अभियुक्तहरुको मिलोमतोमा क्रोयसियामा आकर्षक तलब हुने भनि पिडितलाई प्रलोभनमा पारेको।
- मिति २०७८ मंसिर ०९ गतेका दिन भिजिट भिसामा क्रोयसिया नपठाई दुवई हुँदै इराक पुऱ्याएको।
- ईराक पुगेपछि सो ठाउँमा रहेकी नेपाली महीला एजेन्टले अपरार्टमेन्टमा बन्धक बनाई सक्कल राहदानी समेत जफत गरेको ।
- सो क्रममा पिडीतले क्रोयसिया भनेर किन ईराक पुर्याएको भनि प्रश्न गर्दा ईराक स्थित एजेन्टले तिमीलाई यहाँ सम्म ल्याउन ४३ सय अमेरीकी डलर खर्च भएको छ,नेपाल फर्कीने भए सो रकम फिर्ता दिनुपर्छ भन्दै ५ महिनासम्म शारिरीक मानसिक यातना दिदै आएको।
- एजेन्टको यातना सहन नसकी नेपालमा रहेका आफन्त मार्फत पटक पटक गरि ने.रु. ५ लाख ४८ हजार एजेन्टलाई बुझाए पश्चात मिति २०७९।०१।०७ गतेका दिन उद्धार भई नेपाल आएको।
- मिति २०८०।०३।१७ गते काठमाण्डौबाट सम्मानीत काठमाण्डौ जिल्ला अदालतबाट ७(सात) दिन म्याद थप भएको।
- उक्त घटनामा संलग्न अन्य फरार अभीयुक्तहरुको खोजतलास लगायतको थप अनुसन्धान कार्य जारी रहेको।

प्रवक्ता
(कृष्ण प्रसाद पगेनी)
प्रहरी उपरीक्षक
सम्पर्क नं:-९८५१२८१३३०

मिति:- २०८०।०३।२१ गते।